# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी रामकाजी लामासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी रामकाजी लामासमेत रहेको राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | रामकाजी लामा, पुरुषोत्तम खत्री, खेमप्रसाद नेपाल, रामशरण रिमालको (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०३९४फैसला मिति २०८०।०९।२३) | राजश्व चुहावट समेत गरी भ्रष्टाचार गरेको। | सीमा प्रहरी चौकी टिमुरेका प्रहरी निरीक्षक खेम प्रसाद नेपालले मिति २०७६/०८/२२ गते केरुङ्ग नाकामा आफैं गई गाडी नियन्त्रणमा लिई कार्यालयमा ल्याई चेकजाँच गरी फेला पारेको सुन आफ्नै मातहतका प्रहरी हवल्दार रामकाजी लामा र पुरुषोत्तम खत्रीलाई आदेश दिई बिक्री गरी/गराई बाँडफाँड गरी आफुले निर्वाह गर्नुपर्ने कार्यालय प्रमुखको पदीय जिम्मेवारी समेतको दुरुपयोग गरी गैर कानूनी लाभ लिइ राजश्व चुहावट गर्ने गराउने कार्य गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादी खेम प्रसाद नेपालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) को कसुर भएको पुष्टि हुन आएकोले निज प्रतिवादी खेम प्रसाद नेपाललाई उक्त १११ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने बिगो रु.६,७७,५९९।- (छ लाख सतहत्तर हजार पाँच सय उन्नान्सय रुपैंया) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (ङ) बमोजिम कैद सजाय गरी ऐ ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ ऐनको दफा ३ को उपदफा(१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन मागदावी लिईएको, अर्का प्रतिवादी रामकाजी लामाको हकमा मिति २०७६/०८/२२ गते छोवाङ्ग तामाङ्गको सुचनाको आधारमा केरुङ्ग नाकाबाट टिमुरे तर्फ आउदै गरेको टाटासुमो गाडी नियन्त्रणमा लिई उक्त गाडीमा सवार पुरुष व्यक्तिबाट १११ ग्राम सुन लिई सो सुन भुपाल घले समेतको सहयोगमा काठमाण्डौमा आई बिक्री गरी बाँडफाँड गरी गैर कानूनी लाभ राजश्व चुहावट गर्ने गराउने कार्य गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज | विशेष अदालतको फैसलाः-<br>प्रतिवादीहरुले सफाइ पाउने।<br>विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिंदा लिएका आधारहरुः-<br>(क) प्रतिवादीहरुले अवैध रुपमा चिनबाट नेपाल ल्याएको सुन बरामद गरी सम्बन्धित निकायमा बुझाउनु पर्नेमा सो नगरी आपसमा बाँडफाँड गरी लिएको भनिएको सुन बरामद भएको नदेखिएको।<br>(ख) प्रतिवादीहरुले आरोपित कसुरमा इन्कार रही वयान गरेको।<br>(ग) मौकामा कागज गर्ने व्यक्तिहरुलाई अभियोजक पक्षले बकपत्रको लागि अदालतमा उपस्थित गराउन नसकेको। | (क)मिति २०७६/०८/२२ गते दिउँसो सीमा प्रहरी चौकी टिमुरे रसुवाका कार्यालय प्रमुख प्रहरी निरीक्षक खेम प्रसाद नेपालको कमाण्डमा खटिएको टोलीले प्रहरी चौकी रसुवागढी नजिकबाट यात्रु सहितको टाटासुमो गाडी कार्यालय परिसरमा ल्याई यात्रुहरुको चेकजाँचको क्रममा पुरुष व्यक्तिको जुत्ताबाट दुई वटा शंकास्पद कालो टेपले बेरेको बस्तु फेला परेपछि निजलाई कार्यालय प्रमुख खेम प्रसाद नेपालको कार्यकक्षमा लगि निज खेम प्रसाद नेपालकै रोहवरमा सोधपुछ गरी सुन ल्याउने व्यक्तिमध्ये एउटा ३६७ ग्रामको टुक्रा खेम प्रसाद नेपालले राखेको, अर्को कालो टेपले बेरेको भित्र रहेको ३ वटा सुनको टुक्रा मध्ये सानो दुईवटा टुक्रा सुन ल्याउने व्यक्तिलाई दिई छाडेको र बाँकी रहेको १११ ग्रामको सुनको टुक्रा प्रहरी हवल्दार रामकाजी लामा र पुरुषोत्तम खत्रीले काठमाण्डौ लगि बिक्री गरी रकम कार्यालयका अन्य कर्मचारीहरु समेत मिली बाँडफाँड गरी लिएको भन्ने समेतका घटनासँग सम्बन्धित कर्मचारी तथा व्यक्तिहरुलाई हुनुपर्ने कार्वाही समेतको राय सहितको छानविन समितिको प्रतिवेदन रहेको र उक्त प्रतिवेदनलाई छानविन समितिका संयोजक समेतले अदालतमा आइ बकपत्र गर्दा प्रतिवेदन सनाखत गरिदिएको अवस्था रहेको। प्रतिवादीहरु बिचमा वारदात मिति २०७६।०८।२२ र वारदात अघिपछि पटक पटक फोन सम्पर्क भएको मिसिल संलग्न कल डिटेल्सको रिपोर्टबाट देखिएको। वारदात मिति पछाडि मिति २०७६।०८।२७ मा प्रतिवादी रामकाजी लामाको मोवाइलमा प्रतिवादी पुरुषोत्तम खत्रीले "अन्त नहुने भो यो त रिफाइन्ड गरेर बाला जस्तो बनाएको मात्रै लिन्छ रे पसलले त" भन्दै SMS पठाएको विवरण समेत अनुसन्धानबाट खुल्न आएकोमा प्रतिबादीहरुले अवैध रुपमा प्राप्त गरेको सुन बिक्री गरेको थप पुष्टि हुन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी रामकाजी लामाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) को कसुर भएको पुष्टि हुन आएकोले निज प्रतिवादी रामकाजी लामालाई उक्त १११ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु.६,७७,५९९।- (छ लाख सतहत्तर हजार पाँच सय उन्नान्सय रुपैंया) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (ङ) बमोजिम कैद सजाय गरी ऐ ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन, अर्का प्रतिवादी पुरुषोत्तम खत्रीकोको हकमा मिति २०७६/०८/२२ गते केरुङ्ग नाकाबाट टिमुरे तर्फ आउदै गरेको टाटासुमो गाडी नियन्त्रणमा लिई उक्त गाडीमा सवार पुरुष व्यक्तिबाट लिएको १११ ग्राम सुन रामकाजी लामामार्फत बिक्री गरी भागबण्डा गैर कानूनी लाभ लिई राजश्व चुहावट गर्ने/गराउने कार्य गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादी पुरुषोत्तम खत्रीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) को कसुर भएको पुष्टि हुन आएकोले निज प्रतिवादी पुरुषोत्तम खत्रीलाई उक्त १११ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु.६,७७,५९९।- (छ लाख सतहत्तर हजार पाँच सय उन्नान्सय रुपैंया) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (ङ) बमोजिम कैद सजाय गरी ऐ. ऐनकै दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन र अर्का प्रतिवादी सीमा प्रहरी चौकी टिमुरेका प्रहरी हवल्दार रामशरण रिमालको हकमा निजले मिति २०७६/०८/२२ गते केरुङ्ग नाकाबाट | | आएको अवस्थामा कसुरसँग सम्वन्धित सुन वरामद नभएको भन्ने आधारमा प्रतिवादीहरुलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको।ख) प्रतिवादीहरुले अनुसन्धान र अदालतमा कसुरमा इन्कार रही बयान गरेको भएता पनि प्रतिवादी मध्येका खेमप्रसाद नेपालले अनुसन्धान र अदालतमा बयान गर्दा वारदात मितिमा आफ्नो कार्यालयमा ल्याइ गाडी चेकजाँच गरेको स्वीकार गरेको। प्रतिवादीहरु निर्दोस भएको भए यी प्रतिवादीहरु उपर राजश्व चुहावट गरी भ्रष्ट्राचार गरेको जस्तो जघन्य कसुरमा प्रतिवादीहरु कार्यरत रहेकै प्रहरी विभागबाट छानविन भइ कारवाहीको सिफारिस हुनु पर्ने अन्य कारण नदेखिएको। प्रतिवादीहरुको इन्कारी वयानलाई सफाइ दिने मुख्य आधार बिशेष अदालत काठमाण्डौले लिएको।आफु कसुरबाट उन्मुक्ति पाउन कसुरमा इन्कार रही बयान गर्नु स्वभाविकै भएको। मिसिल संलग्न अन्य प्रमाणबाट कसुर पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरु कसुरमा इन्कार रहेको आधारमा सफाइ दिनेगरी भएको फैसला त्रटिपूर्ण रहेको।<br>(ग) नेपाल सरकारको साक्षीको रुपमा अनुसन्धानमा बयान गर्ने भुपाल घले , छोवाङ नुर्पु घले, कल्याणी सुवेदी समेतले प्रतिवादीहरु उपरको दावी पुष्टिहुने गरी मौकामा बयान गरेको पाइन्छ। नेपाल सरकारको साक्षी कल्याणी सुवेदीले बयानको क्रममा आफुलाई प्रतिवादी मध्येका पुरुषोत्तम खत्रीले सामान राखिदिनु भनी कागजले बेरेको डल्लो दिएकोमा पछि उक्त सामान सुन रहेछ भनी लेखाइदिएको पाइन्छ। त्यसैगरी अर्का साक्षी भुपाल घलेले आफुले प्रतिवादी रामकाजी लामालाई काठमाण्डौमा सुन बिक्री गर्न सहयोग गरेको भनी लेखाइ दिएको पाइन्छ ।अर्का साक्षी छोवाङ नुर्पु तामाङले बयान गर्दा प्रतिवादी रामकाजी लामालाई मिति २०७६।०८।२२ गते टाटासुमो गाडीबाट सुन आउँदै गरेको सुराकी दिएको समेत लेखाई दिएको अवस्थामा अदालतमा आइ साक्षी कल्याणी सुवेदीले प्रतिकूल बकपत्र गरेको, भुपाल घले र छोवाङ नुर्पु तामाङ अदालतमा उपस्थित भइ बकपत्र नगरेको अवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | टिमुरेतर्फ आउँदै गरेको टाटासुमो गाडी कार्यालय परिसरमा ल्याई चेकजाँच गर्दा फेला परेको उक्त १११ ग्राम सुन बिक्री गर्ने कार्यमा प्रहरी हवल्दार रामकाजी लामालाई सहयोग गरी गैर कानूनी लाभ लिई राजश्व चुहावट गर्ने गराउने कार्य गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादी रामशरण रिमालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) को कसुर भएको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी रामशरण रिमाललाई उक्त १११ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने बिगो रु.६,७७,५९९।- (छ लाख सतहत्तर हजार पाँच सय उन्नान्सय रुपैंया) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (ङ) बमोजिम कैद सजाय गरी ऐ. ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ. ऐनकै दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन मागदावी लिइएको र अनुसन्धानको क्रममा थुनामा रहेका प्रहरी हवल्दार गोपी बहादुर लो तामाङ्ग प्रहरी जवानहरु युवराज खरेल, शिव नारायण चौधरी, रिता चौधरी, मनोज आले, भविलाल रुम्वा लामा, छेक्यु डोल्मा मोक्तान, रामचन्द्र बि.क., तारा बहादुर प्रजाको हकमा निजहरुको उक्त भ्रष्टाचारजन्य कसुरमा संलग्नता रहेको कुनै आधार प्रमाण नदेखिएतापनि उक्त दिन निजहरु समेत संलग्न भई चेकजाँचमा खटिएको र आफ्नो कार्यालयमा भए गरेका काम कारवाहीका सम्बन्धमा कुनैपनि जानकारी छैन भनि गैर जिम्मेवारी प्रकट गरी अनुसन्धानमा समेत सहयोग नगरी एक राष्ट्रसेवक प्रहरी कर्मचारीले बहन गर्नुपर्ने न्यूनतम जिम्मेवारी समेत बहन नगरेको देखिएकोले पछि एकिन प्रमाणबाट निजहरुको समेत कसुरमा संलग्नताको पुष्टि हुने आधार प्रमाण फेला परेमा सोही बखत कानून बमोजिम हुने भएकाले हाल मुद्दा नचलाउने, | | भएपनि अनुसन्धानको क्रममा प्रतिवादीहरु उपरको कसुर पुष्टि हुनेगरी बयान गरिदिएको र सो बयानको अडियो/भिडियो सिडी समेत अदालत समक्ष पेश भएको अवस्थामा अदालतमा उपस्थित भएर प्रतिवादीहरुलाई कसुरबाट बचाइदिने नियत राखी कल्याणी सुवेदीले प्रतिकूल बकपत्र गरेको तथा अन्य साक्षीहरु अदालतमा उपस्थित नै नभएको भन्ने आधारमा प्रतिवादीहरुलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | साथै निजहरुको हकमा कानून बमोजिम जो जे गर्नु पर्ने हो गर्न प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम लेखी पठाउने निर्णय भएको साथै अनुसन्धानका क्रममा बयान गराईएका प्रहरी नायव निरीक्षक भोज बहादुर सेन ओली र प्रहरी कार्यालय सहयोगी हरि बहादुर श्रेष्ठको हकमा निजहरुको कसुरमा संलग्नता रहेको कुनै सबुद प्रमाण नदेखिएको हुँदा निजहरुको हकमा मुद्दा नचालाउने निर्णय भएको र अनुसन्धानको क्रममा खुल्न आएका उक्त सुन बिक्री गर्न प्रहरी हवल्दार रामकाजी लामालाई सहयोग गर्ने भुपाल घलेलाई सघाएका भनिएका जिल्ला धादिङ्ग, लापा बस्ने मोति लामाको एकिन पहिचान नखुली थप अनुसन्धान गर्न नसकिएकोले निजको प्रत्यक्ष सहयोगमा सुन बिक्री भन्ने सम्बन्धमा एकिन प्रमाणबाट पुष्टि भएका बखत थप आरोप-पत्र पेश गर्न सकिने नै भएकोले निजको हकमा अनुसन्धान कार्य जारी राखी हाललाई निज मोतीलामाको हकमा कनै मागदावी नलिने निर्णय भएको साथै अनुसन्धानको क्रममा खुल्न आएका जिल्ला रसुवा टिमुरे बस्ने छोवाङ्ग तामाङ्ग, काठमाण्डौ तारकेश्वर बस्ने भुपाल घले, काठमाण्डौ कलंकी बस्ने कल्याणी सुवेदीमध्ये भुपाल घले र छोवाङ्ग तामाङ्गले मिति २०७६/०८/२२ गते सुनको विषयमा सुचना दिएको, उक्त सुन बिक्री गर्न समेत सहयोग गरेको र सो सुनबाट प्राप्त रकम भुपाल घले र छोवाङ्ग तामाङ्गले समेत लिएको त्यस्तै कल्याणी सुवेदीले सो सुन बिक्री गर्न ल्याउँदा पुरुषोत्तम खत्रीले राख्न दिएकोमा राखिदिएबाट निजहरुको समेत संलग्नता देखिएतापनि अनुसन्धान कार्यमा आफ्नो भएगरेका सम्पूर्ण वस्तुस्थिती खुलाई अनुसन्धान कार्यमा सघाउ पुग्ने तथ्यसमेत उपलब्ध गराई अनुसन्धानमा सहयोग गरेको देखिंदा निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम सजायको मागदावी लिई मुद्दा चलाउन न्यायोचित नहुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम निज भुपाल घले, छेवाङ्ग तामाङ्ग र कल्याणी सुवेदीको हकमा हाल सजायको मागदावीमा पुर्ण छुट दिई निजहरुलाई सरकारी साक्षीको रुपमा पेश गरिएको | | |